मूलतः यसले भूमिहीन र साना किसानको जमिनमा पहुँच कायम गरी उत्पादन वृद्धि र व्यावसायिक कृषिलाई टेवा पुऱ्याउने लक्ष्य लिएको छ ।




सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
टोखा-७, धापासी, काठमाडौं
०१-४३६०४८६/४३५७००५
landrights@csrcnepal.org
www.csrcnepal.org

नेपाल कृषि सहकारी केन्द्रिय संघ लि.
धोबिघाट ३, ललितपुर, नेपाल
skbks.nepal@gmail.com
www.naccfl.org.np

वातावरण तथा विकासका लागि अन्तर्राष्ट्रिय अध्ययन केन्द्र
आई.आई.ई.डी ८०-८६, ग्रेस इन्न रोड, लण्डन




# भूमि-कृषि अभियान

## परिवेश

नेपालको कृषि खासगरी पारिवारिक खेती प्रणालीमा आधारित छ। पछिल्ला वर्षहरूमा समूह वा कम्पनीमार्फत खेती गर्ने कार्य पनि बढ्दो छ। उत्पादनबाहेकका अन्य प्रक्रियामा बिचौलियाहरू संलग्न छन्। एकातिर उत्पादन गर्ने किसानले उचित मूल्य पाउन सकिरहेका छैनन् भने अर्कोतिर उपभोक्ताले चाहिँ तिनै उत्पादन महँगो मूल्यमा किन्नु परिरहेको छ। भारतीय कृषि उत्पादनका मूल्यसँग प्रतिस्पर्धा गर्न नेपाली किसानलाई कठिनाइ भइरहेको छ। ठाउँ-ठाउँमा साना किसानका सहकारीमार्फत कृषि उत्पादनहरू सङ्कलन गरी सिधै ठूला बिक्रेता वा उत्पादकसम्म पुऱ्याउने प्रयास भइरहेका छन्। तर पनि साना उत्पादकमा आफ्ना उत्पादनको मोलतोल गर्ने क्षमता अझै विकास हुन सकेको छैन।

नेपाल कृषिप्रधान मुलुक भए पनि ठूलो मात्रामा खाद्यान्न आयात गर्ने कार्य निरन्तर बढ्दो छ। समस्या उत्पादनमा मात्र सीमित छैन। दुर्गम क्षेत्रका उत्पादन बजारसम्म पुऱ्याउन पनि कठिनाइ भइरहेको छ। साना किसानका लागि बजार एउटा प्रमुख समस्याका रूपमा तेर्सिएको छ। सरकार र निजी क्षेत्र व्यावसायिक कृषिको वकालत गरिरहेका छन् तर साना किसानको सशक्तीकरणको विषय उनीहरूको प्राथमिकतामा पर्न सकेको छैन।

कृषि व्यवसाय प्रवर्द्धन ऐनको नमुना ऐन सङ्घीय सरकारले बनाएर स्थानीय सरकारसम्म पुऱ्याएको छ। कृषि विकास मन्त्रालयले सङ्घीय तहमा कृषि व्यवसाय प्रवर्द्धन ऐन तर्जुमा गरिरहेको छ। तर यसमा पनि भूमिहीन र साना किसानको सशक्तीकरण गर्ने र उनीहरूको सवाल सम्बोधन गर्ने कुनै स्पष्ट व्यवस्था छैन। स्थानीय सरकारले प्रदेश र सङ्घको कानुनसँग नबाझिने गरी आफैं नीति र कानुन बनाउन पाउँछन्। कृषि र भूमि क्षेत्रमा सुशासनका लागि पनि नीति र कानुन बनाउन सक्छन्। यसर्थ जगबाटै रूपान्तरणको सुरुवात गर्ने अवसर यतिबेला विद्यमान छ।

सरकार र निजी क्षेत्र व्यावसायिक कृषिको वकालत गरिरहेका छन् तर साना किसानको सशक्तीकरणको विषय उनीहरूको प्राथमिकतामा पर्न सकेको छैन ।

## परिचय

भूमि-कृषि अभियान, भूमिहीन एवं साना किसानहरूको सशक्तिकरण र उनीहरूको अधिकार एवं जीविकामा सहयोग पुऱ्याउने एउटा सहभागीमूलक प्रयास हो । मूलतः यसले भूमिहीन र साना किसानको जमिनमा पहुँच कायम गरी उत्पादन वृद्धि र व्यावसायिक कृषिलाई टेवा पुऱ्याउने लक्ष्य लिएको छ । साथै तीनै तहका नीति निर्मातालाई भूमिहीन र साना किसानमैत्री नीति र कानुन निर्माण प्रक्रियामा पनि यस अभियानले सघाउ पुऱ्याउँछ । सामाजिक रूपान्तरणको धारणाअन्तर्गत यस अभियानले मूलरूपमा तीन तहका कार्यबाट दिगो रूपान्तरण हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ- (क) समग्र समुदायको सशक्तीकरण र क्षमता अभिवृद्धि, (ख) सचेत, सवल र क्रियाशील जनमत निर्माण र (ग) भूमिहीन र साना किसानमैत्री नीति तथा सुशासन ।

## कार्यक्षेत्र

सिङ्गो नेपाल । अध्ययन र सिकाइका क्षेत्रहरू : दाङ, धनुषा, झापा




लक्षित वर्ग : साना किसान, सीमान्तकृत लघु ग्रामीण उत्पादक, भूमिहीन तथा सुकुमबासीहरू

कार्यक्रमको अवधि : १ जनवरी, २०१९ देखि ३० जुन, २०२१

लक्ष्य : भूमिहीन र साना किसानहरू व्यावसायिक कृषिसम्बन्धी नीति र कार्यान्वयन प्रक्रियामा प्रभावकारीरूपमा संलग्न भइ आफ्नो जीविका सुधारका साथै सशक्त ढङ्ले आफ्ना माग राख्न सक्ने हुनेछन् ।

उद्देश्य : भूमिहीन, साना किसान र तिनका आलोचनात्मक सङ्गठनलाई सचेत, सवल र क्रियाशील बनाउँदै कृषि उद्यमसम्बन्धी सरकारी र निजी क्षेत्रको नीति तथा कार्यक्रमहरू दिगो र भूमिहीन तथा साना किसानमैत्री बनाउन प्रभाव पार्ने ।

## अपेक्षित परिणाम

१. भूमिहीन र अन्य सीमान्तकृत साना उत्पादकहरूको क्षमता वृद्धि भई सङ्गठितरूपमा समस्या विश्लेषण गर्न, सञ्जाल निर्माण गर्दै समाधानका विकल्पहरू प्रस्तुत गर्न सक्षम हुनेछन् ।

२. समुदाय तहबाटै समावेशी कृषि उद्यमको मोडल तयार भई वैकल्पिक नीतिगत प्रस्तावनाहरू प्रस्तुत हुनेछन् ।

३. सीमान्तकृत समुदायलाई हित हुने व्यावसायिक कृषिमा दिगो लगानीको पक्षमा स्थानीयदेखि राष्ट्रिय तहसम्म सम्वाद र पैरवी गर्ने सक्षम साना उत्पादकका श्रेणी र तिनका सहयोगी पङ्क्तिबाटै एउटा आलोचनात्मक जमात हुनेछ ।

४. नियमित सहभागितामूलक समीक्षा र सिकाइ प्रक्रियाको माध्यमबाट साना उत्पादकहरू सामाजिक र कानुनीरूपमा सशक्तीकरणका प्रक्रिया र सिकाइ अभिलेखन हुनेछ ।

## कार्यपद्धति

भूमि-कृषि अभियानका रूपान्तरण र प्रणाली

| रूपान्तरण | पद्धति |
|---|---|
| **समग्र सशक्तीकरण** | • कार्यक्षेत्रको परिवेश विश्लेषण<br>• रिफ्लेक्ट अवधारणाका सिकाइ केन्द्रहरू<br>• भूमिहीन तथा साना किसान सङ्गठनको क्षमता नक्शाङ्कन तथा प्राथमिकता निर्धारण<br>• सहकारी निर्माण र सवलीकरण<br>• सरोकारवाला निकाय पहिचान र समन्वय<br>• सूचना तथा स्रोत सामग्री निर्माण र प्रकाशन |
| **वैकल्पिक उद्यमशीलता मोडल विकास** | • कृषि व्यवसाय प्रवर्द्धन ऐनको समीक्षा र नीति सार प्रकाशन<br>• सरोकारवालासँग नीतिगत छलफल तथा सम्वाद<br>• भूमि, कृषि र बजारका सवालमा सूक्ष्म अध्ययन<br>• स्थानीय तथा प्रदेश सरकारको भूमि तथा कृषि नीति तर्जुमामा सहयोग<br>• समुदायको अगुवाइमा समावेशी कृषि उद्यमको मोडल विकास |
| **आलोचनात्मक मास** | • साना किसानको सामूहिक वकालत तथा सौदाबाजीको क्षमता विकास<br>• भूमिहीन तथा साना किसान सङ्गठनको वकालतीय रणनीति तयार<br>• भूमिहीन तथा किसान सङ्गठनद्वारा विभिन्न सरकारी निकायमा स्रोत दाबी<br>• सङ्घीय शासनमा तीनै तहको भूमि-कृषि अधिकारसम्बन्धी अभिमुखीकरण<br>• ग्रामीण नवप्रवर्तन सक्षमीकरण तालिम |
| **सिकाइ अभिलेखन** | • सहभागितामूलक चिन्तनमनन् प्रक्रिया<br>• परिवर्तनका कथाहरूको अभिलेखीकरण र प्रसारण<br>• सिकाइ यात्रा |